खैरहनी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खैरहनी, चितवन
३ नम्बर प्रदेश, नेपाल

फोन ०५६-५८२८८५
०५६-५८२००६

visit nepal 2020 Lifetime Experiences

प.सं.: ०७६।७७
च.नं.: १३३५

मिति : २०७६।०५।३१

विषय : सूचना प्रकाशित गर्ने सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै
खैरहनी नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा खैरहनी नगर क्षेत्रभित्र संचालित सामुदायिक विद्यालयमा युवा स्वयंसेवक शिक्षक परिचालनको लागि यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका युवाहरुको सूचि तयार पार्ने प्रयोजनका लागि इच्छुक युवाहरुबाट मिति २०७६।०५।१९ मा प्रथम पटक ७ दिनको सूचना प्रकाशन गरी दरखास्त निवेदन माग गरेकोमा पर्याप्त मात्रामा दरदास्त नआएको हुँदा मिति २०७६।०५।३१ को नगरपालिकाको निर्णय अनुसार पुनः ७ दिनको सूचना प्रकाशन गर्ने र पर्याप्त प्रचार-प्रसार गर्न यस नगरका सबै वडा कार्यालय तथा कलेजहरुमा पत्राचार गर्ने निर्णय बमोजिम युवा स्वयंसेवक शिक्षक सूचीकृत हुन दरखास्त आह्वानको पुनः सूचना गरिएको जानकारी गराउँदै त्यस कार्यालयमा पनि यसैपत्रसाथ संलग्न सूचना सम्वन्धित सबैलाई जानकारी हुनेगरी सूचना पाटी टाँस गरि प्रचार-प्रसार गरिदिनुहुन अनुरोध छ ।

२०७६।५।३१

(महेन्द्र प्रसाद पौड्याल)
स्थानीय शिक्षा अधिकारी

स्थानीय शिक्षा अधिकारी

खैरहनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय
खैरहनी, चितवन

# युवा स्वयंसेवक शिक्षक सूचीकृत हुन दरखास्त आह्वानको सूचना ।

(दोश्रो पटक सूचना प्रकाशित मिति :- २०७६।०५।३१)

यस खैरहनी नगरपालिकाको युवा स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधि, २०७६ वमोजिम खैरहनी नगर क्षेत्रभित्र सञ्चालित सामुदायिक विद्यालयमा युवा स्वयंसेवक शिक्षक परिचालनका लागि यस नगरपालिका क्षेत्रभित्र स्थायी बसोबास भएका युवाहरुको सूची तयार पार्ने प्रयोजनको लागि इच्छुक युवाहरुबाट निवेदन पेस गर्न मिति २०७६।०५।१९ मा सूचना प्रकाशन गरिएकोमा पर्याप्त दरखास्त पर्न नआएको हुँदा पुन: यो सूचना प्रकाशित गरिएको छ ।

१) **पद :-** युवा स्वयंसेवक शिक्षक (आधारभूत तह)

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** नियमित विद्यार्थीको रुपमा कक्षा १२ को परीक्षा दिएर बसेका विद्यार्थीको हकमा अङ्ग्रेजी, गणित र विज्ञान मूल विषय लिई कक्षा ११ मा न्यूनतम C+ वा 2 GPA ल्याएको हुनुपर्नेछ । अन्य व्यक्तिको हकमा न्यूनतम शैक्षिक योग्यता कक्षा १२ वा सो सरह उत्तीर्ण भई स्नातक तहमा अध्ययनका लागि योग्य भएको हुनु पर्नेछ । सोभन्दा माथिल्लो शैक्षिक योग्यता भएका व्यक्ति पनि योग्य हुनेछन ।

२) **पद :-** युवा स्वयंसेवक शिक्षक (माध्यामिक तह)

**आवश्यक न्यूनतम शैक्षिक योग्यता :-** स्नातक तहको अन्तिम वर्ष/सेमेस्टरको नियमित परीक्षा दिई बसेका विद्यार्थीको हकमा सोभन्दा सो भन्दा अघिल्ला वर्ष/सेमेस्टरका सबै परीक्षा उत्तीर्ण भएको हुनु पर्नेछ । अन्य व्यक्तिको हकमा स्नातक तह उत्तीर्ण भएको हुनु पर्नेछ । सोभन्दा माथिल्लो योग्यता भएका व्यक्ति पनि योग्य हुनेछन ।

३) **सेवा सुविधा :-** आधारभूत तहको लागि मासिक रु १०,०००।- तथा माध्यामिक तहको लागि मासिक रु १५,०००।-

४) **दरखास्त दिने मिति :-** २०७६ भाद्र ३१ देखि आश्विन ६ गते सम्म ।

५) **दरखास्त दिने स्थान :-** खैरहनी नगरपालिका शिक्षा शाखा ।

६) **स्वयंसेवा अवधि :-** १ पटकमा बढीमा ३ महिना हुनेछ ।

६) **दरखास्त साथ संलग्न गर्नुपर्ने आवश्यक कागजपत्रहरु :-**

क) नेपाली नारिकताको प्रमाणपत्र, ना.प्र. पत्र अन्यत्रबाट जारी भएको भए बसाईसराइ प्रमाणपत्रको प्रतिलिपि र ना.प्र. पत्रमा स्थायी ठेगाना अन्यत्र उल्लेख भएको विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्र ।

ख) न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्र

ग) निवेदकको दस्तखत भएको अनुसूचि-१ बमाजिमको आवेदन फाराम (नगरपालिकाको शिक्षा शाखाबाट उपलब्ध हुने )

घ) खैरहनी नगरपालिकाभित्र स्थायी बसोबास भएको सम्बन्धित वडाको सिफारिस पत्र ।

ङ) कानुनले अयोग्य नठहरिएको ।

च) आवेदन दिंदा कुनै दस्तुर लाग्ने छैन ।

थप जानकारीको लागि यस नगरपालिकाको शिक्षा शाखा, सम्बन्धित वडा कार्यालय वा खैरहनी नगर क्षेत्रभित्र संचालित क्याम्पस तथा कक्षा १२ सम्म संचालित मा. विद्यालयमा सर्म्पक गर्न जानकारी गराईन्छ ।

शिक्षा, युवा तथा खेलकुद शाखा
खैरहनी नगरपालिका, चितवन

स्थानीय शिक्षा अधिकारी